'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ अंक : १९ शुक्रबार २८ भदौ, २०८१ 13 (Friday) September 2024 पृष्ठ ४, मूल्य रु : १०।-

# युट्युबमा देउडामार्फत कर्णाली चिनाउँदै युवापुस्ता

• नमस्ते समचारदाता

जुम्ला, भदौ/२७

कर्णाली र सुदूरपश्चिम क्षेत्रमा लोकप्रिय छ, देउडा । देउडा यसक्षेत्रको प्रमुख संस्कृतिसमेत हो । पश्चिम क्षेत्रको पहिचानका रूपमा रहेको देउडा लय हालेर गाइन्छ । परम्परागत रूपमा गायिदै आएको देउडा विसको दशकपछि मात्र औपचारिक रूपमा रेकर्डिङ भएको थियो । पहिलोपटक देउडा रेकर्ड गराउने गायक हुन, जुम्लाका महाशंकर देवकोटा । उनी नेपालका पहिलो देउडा गायक हुन् । देवकोटाकै पुस्ताका सुदूरपश्चिमका नन्दकृष्ण जोशीहरूले देउडालाई थप चिनाउन भुमिका खेले । पश्चिम क्षेत्रको देउडालाई थप चिनाउन देवकोटा र जोशीहरूको उल्लेख योगदान छ । पचासदेखि साठीको दशकतिर राजाराम भाट, भुवन दाहाल, पाण्डव बिष्ट, डिग्रा वादीहरूसम्मले देउडाको विकासमा भुमिका खेले । नयाँपुस्तामा रेखा जोशी, चक्र बम, टंक तिमिल्सिना, लक्ष्मी मल्लहरूले पनि उत्तिकै योगदान दिइरहेका छन् । बम भन्छन्, देउडा हाम्रो पहिचान हो । यसलाई समय सापेक्ष प्रविधिको प्रयोग गरेर अझै परिस्कृत गरिरहेका छौ । उनी





पछिल्लो पुस्ताका लोकप्रिय गायक, मोडल र स्रष्टा हुन् । कर्णालीका हुम्ला, कालीकोट, मुगु र हुम्ला जिल्लामा समेत प्रसस्तै देउडा गायकहरूले युट्युबमा देउडामार्फत कर्णालीलाई चिनाइरहेका छन् । पछिल्लो समय युट्युबमा लाइफ देउडा गाउनेहरूको भीड नै लागेको छ । दुरदर्पण नामक युट्युब च्यानलले लाइफ देउडा प्रसारण गर्दै आएको छ । उक्त च्यालनमा गीत गाउने कालीकोट, हुम्ला र जुम्ला तथा सुदूरपश्चिमका गायक, गायिका छन् । नयाँपुस्ताका गायक, गायिकाहरूमा बाजुराकी इब्सन सञ्ज्याल, प्रशुराज पाण्डे रहेका छन् । हुम्लाका नवराज भण्डारी, वनकला सञ्ज्याल, फूलमाया शाही लगायत छन् भने कालीकोटका विपना सिंह, महेन्द्र शाही रास्कोटी, सुरेश शाही रहेका छन् । उनीहरूले कर्णाली क्षेत्रमा प्रचलित देउडालाई मुख्य केन्द्रविन्दु बनाएर गाउने गरेका छन् । पुराना भाकामार्फत कर्णालीलाई चिनाउन उनीहरूको भुमिका महत्त्वपूर्ण छ । उनीहरूले गाएका गीतहरू यस क्षेत्रका नागरिकहरूको प्रमुख रोजाइमा पर्नु गरेका छन् । ती गीत युट्युबमा प्रसारण हुन बित्तिकै पछ्याउनेको संख्या अधिक हुने गरेको छ । उनीहरूले कर्णालीको हरेक दुःख, समस्या, अभाव मात्रै होइन, यहाँको पर्यटकीय सम्भावना, उत्पादित वस्तुहरूको बारेमा समेत गीतसंगीतबाट बजारीकरण तथा प्रवर्द्धन गरिरहेका छन् । प्राचीनकालमा देवताले गाएर नाच्ने गर्थे, जुन कुरा गीतबाट प्रस्ट हुन्छ । उनीहरूले गाएका गीत संगीत पनि कानमा गुन्जिएको आभास हुने देउडा प्रेमीहरू बताउँछन् ।

## गाउँपिच्छे लोकदोहोरी प्रतिभा

चन्दननाथ नगरपालिका -१० (तत्कालीन कार्तिकस्वामी गाविस-२) बोहोरागाउँका स्वर्गिय महाशंकर देवकोटाले देउडा गायनमार्फत अघिल्लो पुस्तामा जुम्लाको लोकसंस्कृतिलाई राष्ट्रियस्तरमा चिनाएका थिए । देउडा नाचमा गाइने गीतलाई पनि दोहोरी भनिन्छ भनेर चिनाउन उनको भूमिका निकै महत्वपूर्ण छ । नाचसँगे ठिटाठिटीहरूले देउडा गीत गाउँछन्, यो गीतमा बाजा बजाउने चलन छैन, देउडा गीत सुदूरपश्चिमको प्रसिद्ध लोकसंस्कृति हो । उनले ९ पुस ०२० मै पहिलोपटक रेडियो नेपालमा गाएका थिए । बिरामीलाई औषधिजस्तै देउडा देवकोटा त्यतिवेला देउडा गीत बिरामीले सुने औषधिको काम गर्छ भन्थे । दिनभरिको कामले थाकेको शरीर साथीसँग बसेर देउडा गीत गाएर खेल्दा थकाइ पनि मेटिन्छ र विचार पनि आदानप्रदान हुन्छ । देउड़ा गायनको उत्पत्ति सामवेदबाट भएको हो । गायक देवकोटाले खेल्दा खुट्टा बांगा गरेर चलाउने तथा देब्रे खुट्टा अगाडि बढाउने र देउडिएर खेल्दै गाइने भएकाले



यस गीतको नाम देउडा गीत भएको हो भन्ने विचार राखेका थिए । देवकोटा पछिका लोकदोहोरी गायक विमला शाही, कर्ण बुढ्थापा, छत्र शाही पनि जुम्लाकै हुन् । हिमा गाउँपालिका-७ जुम्लाका छत्र शाही अहिले लोकदोहोरी गीतसंगीत प्रवर्द्धन गर्ने कार्यक्रम इन्द्रेणीमा आबद्ध छन् । उनले पनि गीतसंगीतके माध्यमबाट जुम्लालाई राष्ट्रियस्तरमा पहिचान दिएका छन् । लोकगायकलाई सम्मान छैन विमला शाही पनि जुम्लाकी लोकप्रिय लोकदोहोरी गायिक हुन् । उनले पनि रेडियो नेपालमा गीत गाएर आफूलाई प्रमाणित गरिसकेकी छिन् । उनले भनिन्, त्यतिवेला गीतको एल्बम निकाल्ने तयारी भए पनि आर्थिक अभावका कारण एल्बम निकाल्न सकिएन । कलाकारलाई अझै पनि पर्याप्त मान, प्रतिष्ठान सम्मान दिइँदैन । राज्यको लगानी पनि नहुँदा लोकप्रिय कलाकार पनि हराउँदै जानुपर्ने स्थिति हुँदो रहेछ ।' पञ्चकली बुढा पनि जुम्लाकी नवनायिका हुन् । दुर्गम पातारासी गाउँपालिका-५ की बुढाले कर्णाली प्रदेशको मुकाम सुर्खेतमा हालै सम्पन्न राष्ट्रिय लोक तथा दोहोरी प्रतियोगितामा प्रथम स्थान हासिल गरेकी थिइन । बुढाले सम्मानपत्रसहित २५ हजार नगद प्राप्त गरेकी थिइन् । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान जुम्ला शाखाकी महिला उपाध्यक्षसमेत रहेकी बुढाले गीतसंगीतमा निकै चासो देखाउँदै आएकी छिन् । उनले भनिन्, 'अवसर प्राप्त भए पछि पर्नेछैनौं ।' गीतसंगीतके माध्यमबाट जुम्लालाई राष्ट्रिय स्तरमा चिनाउने जिम्मेवारी हाम्रो काँधमा रहेको उनले बताइन् ।

# लुम्बिनीमा स्थानीय सेवाको गठनसम्बन्धी विधेयक पास

• नमस्ते समचारदाता

दाङ, भदौ/२७

लुम्बिनी प्रदेश सभाले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको छ । लुम्बिनी प्रदेशसभाको चौथो अधिवेशनको ३० औं बैठकले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको हो । आज प्रदेश सभा बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रतिनिधि भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले स्थानीय सेवाको गठन सम्बन्धी विधेयकमाथि छलफल र पारित गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए । सभामुख तुलाराम घर्ती मगरले सो प्रस्तावलाई निर्माणार्थ प्रस्तुत गर्दै सर्वसम्मतिले पारित भएको घोषणा गरेका हुन् । प्रदेशसभामा वैशाख ३० गते दर्ता भएको विधेयकलाई दफावार




छलफलका लागि समितिमा पठाइएको थियो । समितिले दुई पटक प्रतिवेदन सहितको विधेयक सभामा पेस गरेको थियो । विधेयमा कर्मचारी परिचालनको विषयहरू समावेश गर्न माग राख्दै ध्यानाकर्षण गराएका थिए । स्थानीय तहका कर्मचारीलाई प्रदेशभित्रका कुनै स्थानीय तहमा मन्त्रालयले सरुवा गर्न सक्ने, स्थानीय तहका कर्मचारी सरुवा भई जाँदा दुवै पालिकाको अनुमति नचाहिने व्यवस्था राखिएको छ । हाल अन्तरपालिका सरुवा हुन खोज्दा दुवै पालिकाको अनुमति चाहिने प्रावधान छ । प्रमुख प्रशासकीय अधिकृतले दैनिक रूपमा आफूले गरेको कार्य सम्पादनको विवरण अध्यक्ष वा मेयरलाई पेस गर्नुपर्ने, स्थानीय तह अन्तर्गतका कर्मचारीको दैनिक कार्य सम्पादनको विवरण कार्यालयमा पेस गर्नुपर्ने, प्रसूति बिदा पाएका कर्मचारीलाई शिशु स्याहारको लागी शिशु स्याहार खर्च दिइने, कल्याणकारी कोष तथा पुरस्कार को व्यवस्था गर्ने प्रावधान समावेश छ । करारका कर्मचारीले स्थानीय सेवाको कर्मचारीले पाए सरह बिदा पाउने लगायतका विषयलाई प्राथमिकतामा राखिएको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# विज्ञानले रोक्न नसकेको जलवायु परिवर्तन!



डा. राजु लौडारी

विज्ञान-प्रविधिले चमत्कार गरेको छ। एपोलो-११ यान चन्द्रमामा अवतरण गरेको ५५ वर्ष भइसक्यो। एकैपटकमा विश्वको ठूलो भूभाग विनाश गर्न सक्ने हतियार बनेका छन्। कुनै एक ठाउँको घटनाको सूचना केही सेकेन्डमै विश्वभरि पुग्न सक्छ। आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को विकासले त झन् अकल्पनीय चमत्कार गरेको छ । यता जलवायु परिवर्तनका कारण पृथ्वीमा समस्या विकराल बन्दै छ। वायुमण्डलको तापक्रम बढ्दै छ। खडेरी हुने, बाढी पहिरो आउने र हिउँ पग्लिने क्रम बढ्दै छ । समुद्री सतह बढ्दै छ । अनेक रोग फैलिने क्रम पनि बढेको छ । असीमित भन्न मिल्ने वैज्ञानिक-प्राविधिक उपलब्धिका बीच पनि उल्लिखित समस्या निराकरणका उपाय पत्ता लाग्न सकेको छैन ।जलवायु परिवर्तन सम्बन्धी अन्तर्सरकारी समूह (आइपिसिसी) ले आगामी दुई दशकमा विश्व समुदायले जलवायु परिवर्तनका कारण धेरै प्रकारका जोखिमहरू बेहोर्नुपर्ने चेतावनी दिएको छ। जलवायु परिवर्तन सम्बन्धी बहस सन् १९७० को दशकमा सुरू भएको हो। त्यसपछि सन् १९९० को दशकमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यूनीकरण र अनुकूलनका प्रयासहरू सुरू गरिए तर ती प्रयासहरू अपेक्षाअनुसार सार्थक हुन सकेका छैनन् । सन् १९९२ मा 'जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि ढाँचा' ले वायुमण्डलमा हरितगृह ग्यासको मात्रा बढ्न नदिने र स्थिरीकरण गर्ने लक्ष्य लिएको थियो। यो लक्ष्यअनुसार पनि काम हुन सकेको छैन।

प्रत्येक वर्ष विश्वका राष्ट्र प्रमुख, राजनीतिज्ञ, वैज्ञानिक, सरकारी तथा गैर सरकारी प्रतिनिधि, पत्रकार लगायत हजारौंको सहभागितामा जलवायु परिवर्तन सम्बन्धी पक्ष राष्ट्रहरूको सम्मेलन हुने गरेको छ। हालसम्म २८ वटा यस्ता सम्मेलन भएका छन्। सम्मलेनमा अनेक प्रतिबद्धता जनाइएका छन्। यसअतिरिक्त पनि जलवायु परिवर्तनको नाममा हरेक वर्ष अन्तर्राष्ट्रियस्तरका सभासम्मेलन हुन्छन् । यस्ता सभासम्मेलन गर्दा सिर्जित हरितगृह ग्यासले पनि जलवायु परिवर्तनमा असर गरेको छ भन्ने बहस हुन थालेको छ। जीवाश्म इन्धन नै हरितगृह ग्यासको मुख्य स्रोत हो। यस्तो इन्धनको प्रयोग घटाउन सौर्य ऊर्जा, वायु ऊर्जा, भूतापीय ऊर्जा जस्ता नवीकरणीय ऊर्जाको प्रयोग व्यापक बनाइएको छ । ऊर्जा दक्षता अभिवृद्धि गरी कम ऊर्जाको उपयोगबाट धेरै काम गर्न सकिने गरी सुधारको प्रयास भएको छ । पछिल्लो तथ्यांकअनुसार विश्वमा प्रयोग हुने कुल प्राथमिक ऊर्जाको करिब १४ प्रतिशत अंश नवीकरणीय स्रोतबाट पूर्ति भएको छ । अनेक प्रयास भइरहे पनि जलवायु परिवर्तन किन विश्वको टाउको दुखाइको विषय बनेको छ? महाशक्ति मानिएका देशहरू किन यसको परिणाम टुलुटुलु हेर्न बाध्य छन? यी प्रश्नको जबाफ खोज्ने विश्व समुदायले र महाशक्तिहरूले नै हो । जलवायु परिवर्तन सम्बन्धी 'पेरिस सम्झौता' मा औद्योगिक विकास सुरू हुँदाको तापक्रमलाई आधार मानेर त्यसको तुलनामा समग्र वायुमण्डलमा १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिने प्रतिबद्धता जनाइएको थियो। सन् १८५० को दशकलाई औद्योगिक विकासको दशक मानेर त्यो समयको वायुमण्डलको समग्र तापक्रमलाई आधार मानिएको थियो । विश्व मौसम विज्ञान संगठनले पेरिस सम्झौताको प्रतिबद्धता पूरा नहुने चेतावनी दिएको छ। यस संगठनका अनुसार वायुमण्डलमा ०.१ डिग्री सेल्सियसले तापक्रम बढ्दा कृषि क्षेत्र सुख्खाको चपेटमा पर्नेछ। पारिस्थितिक प्रणाली खलबलिने छ । यस्तो परिणामका संकेतहरू देखिएका छन् । युरोपियन युनियनको कोपर्निकस जलवायु परिवर्तन सेवाले जनाएअनुसार तापक्रम मापनको इतिहासमा सन् २०२४ को जुन महिनामा सबभन्दा उच्च तापक्रम रेकर्ड भयो । पेरिस सम्झौताले लिएको तापक्रमको लक्ष्य प्राप्त गर्न सन् २०१९ को तुलनामा सन् २०३० सम्ममा ४३ प्रतिशतले, सन् २०३५ सम्ममा ६० प्रतिशतले र सन् २०४० सम्ममा ६९ प्रतिशतले हरितगृह ग्यासको उत्सर्जन घटाउनुपर्ने छ । यसो हुन सम्भव देखिएको छैन । हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणका लागि राष्ट्रहरूले लिएका लक्ष्य पूरा गर्दा पनि सन् २०३० सम्ममा ७ प्रतिशतले मात्र घट्ने छ। हालको स्तरको न्यूनीकरणले पेरिस सम्झौताको लक्ष्य प्राप्त हुन सक्दैन। फलस्वरूप जलवायु परिवर्तनको प्रभाव भयावह हुँदै जानेछ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) ले जलवायु परिवर्तन सम्बन्धमा गरेको सार्वजनिक विचार सर्भे (जनता जलवायु मतदान, २०२४) मा ८० प्रतिशत सहभागीहरूले जलवायु परिवर्तनको प्रभाव कम गर्न महत्त्वाकांक्षी योजना आवश्यक छ भनेका छन्। राष्ट्रसंघीय बाल विकास कोष (युनिसेफ) ले हालै प्रकाशन गरेको अध्ययन प्रतिवेदन अनुसार सबैका प्रिय र भविष्यका आधारस्तम्भ बालबालिकाहरू अधिक तापमानको कारणले संकटासन्न छन्। दिनदिनैको उच्च तापमानका कारण बालबालिका बढी प्रभावित छन्। बालबालिकाको शरीर छिटो तात्ने र ढिलो सेलाउने प्रकृतिको हुने भएकाले उनीहरू जलवायु परिवर्तनको बढी जोखिममा छन्। गत जुन १७ मा बिबिसी विश्वसेवाले प्रकाशन गरेको एक समाचारअनुसार सात करोड अमेरिकी जनता ४१ डिग्री सेल्सियसभन्दा बढी अधिकतम तापक्रमका कारण उच्च तापको सतर्कतामा थिए । यस्तो उच्च तापले अधिक वाष्पीकरण हुन्छ र आद्रताले बादल निर्माण हुन्छ। सामान्यतया १ डिग्री सेल्सियस तापक्रम बढ्दा वायुमण्डलमा ७ प्रतिशतले आद्रता बढ्छ। परिमाण स्वरूप ठूलो वर्षा हुन्छ। अफ्रिकी देश सुडानमा सन् १९६० मा वर्षभरिमा ११० दिन ३५ डिग्री सेल्सियसभन्दा बढी तापक्रम थियो। सन् २०२४ मा १६५ दिन पुगेको छ ।

गर्मी मौसममा अधिक तापक्रमका कारण गत एक वर्षमा युरोप र मध्य एसियाका चार सय बालबालिकाको मृत्यु भएको विवरण छ। पूर्वीअफ्रिकामा सन् २०२० देखि २०२२ को बीचमा पानी पर्नुपर्ने पाँचवटा मौसममा पानी नपरेका कारण ४० वर्षयताको खराब खडेरी बेहोर्नु परेको थियो। यसबाट सोमालियामा मात्र १२ लाख मानिस विस्थापित भएका थिए। क्रिस्चियन एडले सन् २०२४ जुनमा गरेको एक अध्ययनले सन् २०२३ डिसेम्बरदेखि २०२४ मे (६ महिना) मा उग्र मौसमका कारण कम्तीमा ४१ अर्ब अमेरिकी डलर बराबरको क्षति भएको अनुमान गरेको छ। यस अवधिमा दक्षिण तथा दक्षिण पूर्वीएसियामा जलवायु परिवर्तनबाट सिर्जित बाढीका कारण २१४ जनाको मृत्यु भयो। संयुक्त अरब इमिरेट्समा बीमा गरिएको मात्र ८५० मिलियन अमेरिकी डलर बराबरको क्षति भयो । सन् १९९३-२०२३ (३० वर्ष) अवधिमा विश्वका अन्य क्षेत्रमा भन्दा एसिया क्षेत्रमा तापमान बढ्ने दर उच्च रह्यो। हिउँ पग्लने दर र समुद्री सतह बढ्ने क्रम निरन्तर चलिरह्यो। यस क्षेत्रका करिब ९१ प्रातिशत हिमशृंखलाहरूमा उच्च तापमानका कारण हिउँको मात्रा घट्दै गएको छ। यसैकारणले दक्षिण एसियाली क्षेत्रमा स्वच्छ पानी आपूर्तिको महत्त्वपूर्ण स्रोतका रूपमा रहेका हिमनदीहरूको भविष्य जोखिममा परेको छ । समुद्री सतहको उचाइ बढ्दै जाँदा प्रशान्त क्षेत्रमा टापूका रूपमा रहेका धेरै देशहरूको अस्तित्व मेटिने सम्भावना बढेको छ ।

हालै राष्ट्र संघीय महासचिव एन्टोनियो गुटरेसले उक्त क्षेत्रको भ्रमण गर्ने क्रममा तापक्रम वृद्धिका विषयमा विश्व समुदायलाई सचेत गराउनुले पनि जोखिमको गम्भीरता पुष्टि हुन्छ । गत वर्ष (सन् २०२३) मा मात्रै यस क्षेत्रमा बाढी र आँधीबेहरीका कारण पानीसँग सम्बन्धित ७० वटा रोग देखापरे। फलस्वरूप दुई हजार मानिसको मृत्यु भयो, ९० लाख मानिस प्रभावित भए। सन् २०२१ मा विश्व बैंक र एसियाली विकास बैंकद्वारा संयुक्त रूपमा प्रकाशित एक प्रतिवेदन अनुसार विश्व तापमान बढ्ने कारणले यस शताब्दीको अन्त्यसम्ममा हिमाली क्षेत्रमा हिउँको मात्रा ३६ देखि ६४ प्रतिशतसम्मले कम हुनेछ। यसको प्रत्यक्ष प्रभाव जलविद्युत उत्पादन, सिँचाइ र खानेपानीमा पर्नेछ। यो प्रक्षेपण मिल्न गएमा नेपालको जलविद्युत र सिँचाइ क्षमता आधाभन्दा बढीले घट्ने छ । जलवायु परिवर्तन सम्बन्धी अन्तर्सरकारी समूह (आइपिसिसी) ले गरेको प्रक्षेपण अनुसार हरितगृह ग्यास उत्सर्जनमा मध्यमस्तरको मार्ग पछ्याउन सक्दा पनि सन् २०१६ देखि २०४५ को अवधिमा नेपालको तापक्रम ०.९ डिग्री सेल्सियसले वृद्धि हुनेछ। फलस्वरूप बाढीबाट प्रभावित हुने संख्या सन् २०१० को तुलनामा २०३० सम्ममा दोब्बर हुनेछ र हिउँद याम अझ बढी सुख्खा हुनेछ। वर्षाको मात्रामा तीन गुणा वृद्धि हुनेछ ।तीन-चार दशकअघिसम्म पौडी खेल्न मिल्ने कतिपय खोलामा अहिले वर्षातको समयमा मात्र पानी देख्न पाइन्छ। यसबाट पनि यो शताब्दीको अन्त्यसम्ममा जलवायु परिवर्तनले भयवह अवस्था सिर्जना हुने अनुमान गर्न सकिन्छ । नेपालमा गत साउन ३२ गते सोलुखुम्बुमा थामेको शिरबाट आएको अस्वाभाविक भेलबाढीले आयो। त्यसले २० वटा घर, एउटा विद्यालय, एउटा स्वास्थ्य चौकी र ९५० किलोवाट क्षमताको जलविद्युत परियोजना बगायो। एउटा मनोरम उपत्यका थामे बगरमा परिणत भयो। यो घटना अधिक वर्षाका कारणले भएको थिएन। दुइटा हिमताल विस्फोट भएर तल्लो तटीय क्षेत्रमा भेलबाढी आएको थियो। सम्भवतः ती हिमताल विस्फोट हुने अनुमान नै थिएन । यो घटनाले नेपालको हिमाली क्षेत्रमा ठूलो संख्यामा रहेका हिमतालको अवस्था र भविष्यमा हुन सक्ने दुर्घटनाको संकेत गरेको छ। यस स्थितिमा हिमतालहरूको जोखिम अध्ययन गरी क्षति न्यूनीकरणका उपायहरू अवलम्बन गर्न आवश्यक भएको छ।तीन वर्षअघि सिन्धुपाल्चोकको उत्तरी क्षेत्रमा ठूलो पहिरो गयो। त्यसले मेलम्ची नदीमा भयावह बाढी ल्यायो र कहालीलाग्दो विपत्ति निम्त्यायो। यसै वर्ष महाकालीपारिको दोधराचाँदनी लगायत देशका केही ठाउँमा हाँडीघोप्टे वर्षा भयो। ठाउँठाउँमा धनजनको निकै ठूलो क्षति भयो। मैले यो लेखमा पछिल्लो समयका थोरै उदाहरणहरू प्रस्तुत गरेको हुँ। यतिकै आधारमा अहिले नै आत्तिनुपर्ने होइन तर बढ्दो तापमान नियन्त्रण हुन नसके संकट टर्ने छैन । खासगरी सन् १८५० यताको करिब १७५ वर्षमा भएको अव्यवस्थित-अनियन्त्रित ओद्यौगिकीकरण र विकास निर्माणका कामले हरितगृह ग्यास अधिक उत्सर्जन भएको हो। त्यसकै नकारात्मक प्रतिफल विश्व समुदायले भोग्नुपरेको हो । विश्व समुदायले हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको प्रयास गरेको ३५ वर्षजति भयो तर पर्याप्त हुन सकेन। अधिक हरितगृह ग्यास उत्सर्जन गर्ने मुलुकहरूले प्रतिबद्धता पूरा गर्न सकेनन् । चमत्कारी विज्ञान-प्रविधि एआईमा पुग्दा पनि हरितगृह ग्यास उत्सर्जन हवात्तै घटाउने सूत्र पत्ता लागेको छैन। विश्व समुदायको प्रतिबद्धता र सावधानी ज्यामितीय गतिले बढाउन सके मात्र आगामी मानव पुस्ताले जीवनयोग्य पृथ्वी पाउनेछ ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
छायाँनाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु

# बाँकेका 'टोलटोलमा कांग्रेस' अभियान सञ्चालन गर्दै

• नमस्ते समचारदाता
नेपालगञ्ज, भदौ/२७



नेपाली कांग्रेस बाँके क्षेत्र नम्बर १ ले पार्टी सुदृढीकरण अभियानसँगै 'टोलटोलमा कांग्रेस' अभियान सुरु गर्ने भएको छ। पार्टीको केन्द्रीय समितिको निणर्यानुसार असोज १ गतेदेखि एक सय दिनसम्म उक्त कार्यक्रम सञ्चालन गर्ने भएको हो। बुधबार नेपाली कांग्रेस क्षेत्र नम्बर १ का सभापति पोषण केसीको संयोजकत्वमा बसेको पूणर् बैठकले प्रत्येक टोलमा गई कांग्रेसको संगठनलाई मजबुत बनाउने उद्देश्यले स्थानीय जनतासँग प्रत्यक्ष भेटघाट गर्दै जनताका समस्या बुझ्ने र समस्या समाधान गर्नेतर्फ पहलकदमी लिनका लागि 'टोलटोलमा कांग्रेस' अभियान सञ्चालन गर्ने निणर्य गरेको छ। त्यसैगरी बैठकले असोज महिनाभित्रडस क्षेत्रीय स्तरको आवासिय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, क्षेत्रभित्र रहेका स्थानीय तहका जननिर्वाचित प्रतिनिधि र पार्टीका बीच अन्तरक्रिया कार्यक्रम गर्ने, संविधान दिवसको अवसरमा संविधान संशोधनको आवश्यकता र पार्टीको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम गर्ने र १११औ वीपी जन्मजयन्तीका अवसरमा यसै हप्ता नरैनापुर गाउँपालिकामा निःशुल्क स्वास्थ्य शिविर आयोजना गर्ने निणर्य गरिएको क्षेत्रीय सभापति केसीले जानकारी दिए। बैठकले क्रियाशिल सदस्यता नविकरण फाराम क्षेत्रमा नआएको प्रति गम्भीर चिन्ता र चासो व्यक्त गर्दै अविलम्ब क्रियाशिल सदस्यता फाराम पठाउन मातहतका कार्यसमितिलाई निर्देशन दिने निणर्य पनि गरेको छ। 'टोलटोलमा कांग्रेस अभियानले जनतामाझ पार्टीलाई पुऱ्याउने छ,' उनले भने, 'हामी जनताको समस्या र माग पत्येक्षरुपमा सुन्ने छौं र समाधानका लागि पहल गर्ने छौं।' यो अभियानले पार्टी र जनतालाई जोड्ने उनको विश्वास छ। इस्तै वीपी कोइरालाको १११औँ जन्मजयन्तीको अवसरमा नेपाली कांग्रेस बाँके क्षेत्र नम्बर १ द्वारा बुधबार राप्तीसोनारी वडा नम्बर ४ बैजापुरस्थित राप्तीसोनारी अस्पतालमा निःशुल्क एक दिने छ। नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरको प्राविधिक सहयोग र राप्ती सोनारी गाउँपालिकाको सहकार्यमा सम्पन्न उक्त शिविरमा करिब दुई सयजना सर्वसाधारणले सेवा लिएका छन्। क्षेत्रीय समिति स्वास्थ्य शाखा संयोजक अञ्जु न्यौपानेको सभापतित्वमा सम्पन्न उक्त शिविरको कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेस बाँकेका सभापति नारायणप्रसाद गौडेलले उद्धाटन गरेका थिए। नेपाली कांग्रेस लुम्बिनी प्रदेश सदस्य स्वास्थ्यकर्मी रामबहादुर मल्लले संयोजन गरेको दन्त शिविर उदघाट्न समारोहमा नेपाली कांग्रेस बाँके क्षेत्र नम्बर १ का क्षेत्रीय सभापति पोषण केसी, महाधिवेशन प्रतिनिधि लाहुराम थारू, नेपाली कांग्रेस प्रदेश क का सभापति अम्बरबहादुर बुढाथोकी र राप्तीसोनारी नेपाली कांग्रेस सभापति भिम बहादुर राना लगायतले धारणा व्यक्त गरेका थिए।

# आरनको कामले जिविका गर्नै कठिन

• नमस्ते समचारदाता
दार्चुला,भदौ/२७



बढ्दो आधुनिकीकरणले दार्चुलामा आरन पेशा लोप हुँदै गएको छ। विगत केही वर्षमा हँसिया, कुटो, कोदालो, बञ्चर ोलगायत घरेलु औजार निर्माण गर्ने आरन समयअनुसार आधुनिक र व्यावसायिक बनाउन नसक्दा हर ाउन थालेको छ। शैल्यशिखर नगर पालिका-६ का पदमे लुहार युवा पुस्ताले आरन पेशा गरेर जीविकोपार्जन गर्न मुश्किल भएको बताउँछन्। 'यसबाट आय आर्जन खासै छैन', उनले भने, 'यो पेसा गरेर परिवार पाल्न धौ धौ परेपछि यसप्रति युवा पुस्ताको आकर्षण छैन।'दिनरात काम गरे पनि आरन पेशा गर्नेले उचित पारिश्रमिक पाउँदैनन। उनीहरुलाई स्थानीय सरकारको पनि कुनै सहयोग छैन। 'सरकारले आधुनिक आरन उपलब्ध गराएको भए सहज हुने थियो', लुहार भन्छन्। नयाँ पुस्ताले चासो नदिँदा आरन पेसा हराउँदै गएको स्थनीय तेजुवा लुहारले बताए। राज्यले अन्य पेशा व्यवसायीलाई जस्तै सहयोग र आवश्यक व्यवस्था मिलाइदिए यो पेशामा अडिरहन सहयोग पुग्ने उनको भनाइ छ। पर्याप्त आम्दानी नहुने र झन्झटिलो हुने हुँदा युवाले आरन पेशा छाड्दै गएको मालिकार्जुन गाउँपालिका-३ का फगिर टमाटा बताउँछन्। पछिल्लो समय युवा पम्परागत पेशाभन्दा पनि वैदेशिक रोजगारका लागि बढी आकर्षित भएको उनको भनाइ छ। दिनभर फलाम पिटेर सामग्री निर्माण गरेअनुसारको ज्याला नपाउने हुँदा आरन पेसा लोप हुन थालेको टमाटा बताउँछन्। औजार बनाएबापत थोरै अन्नको भरमा वर्षभरि औजार मर्मत र निर्माण गर्नुपर्ने अवस्था अहिले पनि कायम रहेको उनले बताए। आरन पेशा व्यावसायिक बन्न नसक्नु, पेशालाई सम्मान हुने वातावरण नहुनु तथा सरकारले सहयोग नगर्नु जस्ता कारणले यो पेसा ओझेलमा परेको हो। विभिन्न किसिमका औजार उत्पादन गरे पनि बजार को समस्या भएको स्थानीय गोकर्ण लोहारको भनाइ छ। गाउँगाउँ पुगेर बिक्री गरे पनि परि श्रम गरे अनुसारको पैसा नउठ्ने उनी बताउँछन्। सोह्र वर्षको उमेर देखि आरनमा काम गर्दै आएका लोहार ७५ वर्ष हुँदासम्म यही पेशामा सक्रिय छन्। परम्परागत रूपमा गर्दै आएको आरन पेशाबाट परिवारको खर्च धान्न समस्या भएको उनको भनाइ छ। यो पेशामा आफ्नो भविष्य खोजी रहेका युवाका लागि आधुनिक मेसिन र बजारीकरणमा स्थानीय सरकार ले ध्यान दिनुपर्ने उनको माग छ। समाजले हेर्न दृष्टिकोण र पेशाको सम्मान नहुँदा युवामा पेशाप्रति आकर्षण घट्न थालेको छ। युवा अरू नै व्यवसाय गर्न र विदेश जान थालेपछि परम्परागत आरन पेशा लोप हुने अवस्थामा पुगेको छ। यस्था आरनको ब्यबसाय गर्ने शदुर पश्चिमा मात्र नभएर कर्णालीका हिमाली जिल्लामा पनि रहेको छ। यस्ता प्रकारका आरनकोृबढ्दो आधुनिकीकरणले दार्चुलामा आर न पेशा लोप हुँदै गएको छ। विगत केही वर्षमा हँसिया, कुटो, कोदालो, बञ्चरोलगायत घरेलु औजार निर्माण गर्ने आरन समयअनुसार आधुनिक र व्यावसायिक बनाउन नसक्दा हर

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# पहिरोले अवरुद्ध कर्णाली राजमार्ग अझै खुलेन

• नमस्ते समचारदाता
कालीकोट, भदौ/२७

पहिरोले अवरुद्ध कर्णाली राजमार्ग अझै खुलेको छैन। गए रातिको वर्षाले कर्णाली राजमार्ग अन्तर्गत कालीकोटको शुभकालिका गाउँपालिका-१ गगनेखोला र एसमोडमा पहिरो खसेको हो। तर आज दिनभर खुलाउने प्रयास भए पनि लगातार पानी परिरहेकाले नसकिएको जिल्ला प्रहरी कार्यालय कालिकोटले जनाएको छ। अब सडक खुलाउन भोलिबिहान मात्रै काम थालिने भएको छ। कर्णाली राजमार्गमा निरन्तर पहिरो खस्दा आवागमनमा कठिनाइ भएको छ। सडक डिभिजन कार्यालयले सडकको अवस्था बुझेर मात्रै यात्रा गर्न अनुरोध गरेको छ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक
भित्ते घडी
यतिमात्र होईन...
साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

हिमाली गाउँपालीका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर,बाजुरा

सार्वजनिक सुनुवाई तथा बार्षिक समिक्षा कार्यक्रम हुने सम्बन्धी सुचना ।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट गत आ.व. ०८०/०८१ मा संचालन भएका योजना, कार्यक्रमका सम्बन्धमा सुझाव, गुनासो तथा अन्य समसामयिक विषयवस्तुको बारेमा तपशिल मिति, स्थान र समयमा सार्वजनिक सुनुवाई तथा बार्षिक समिक्षा कार्यक्रमको आयोजना गरि एको हुँदा उक्त कार्यक्रममा उपस्थित भइदिनुहुन गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण र ाजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, सबै वडाध्यक्षज्यूहरु, सार्वजनिक सेवा प्रवाह गर्ने विषयगत कार्यालयका प्रमुखहरु, स्थानीय सुरक्षा निकायका प्रमुखहरु, गैरसरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु तथा व्यापारी उद्यमीहरु, युवा क्लव/बाल क्लव / आमा समुहहरु/कृषि समूहहरु/सहकारी संस्थाहरु/महिला मंच/टोल विकास समिति/दलित संजाल/अपांग तथा बालबालिका जेष्ठ नागरिक संजाल, सामुदायिक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु, शिक्षण संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, नागरिक समाजका प्रतिनिधिहरु, पत्रकारसाथीहरु लगायत सम्पूर्ण गाउँवासी तथा अन्य सरोकारवाला निकायहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :
मिति : २०८१ भाद्र २८ गते शुक्रबार ।
समय : बिहान १० बजे ।
स्थान : हिमाली गाउँपालिकाको कार्यालय धुलाचौर बाजुरा ।

प्रमुख प्रशासकीय अधिकृत

# मध्यपश्चिमविश्व विद्यालयको स्ववियु निर्वाचन स्थगित




• नमस्ते समचारदाता
सुर्खेत, भदौ/२७

मध्यपश्चिम विश्वविद्यालयको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन स्थगित भएको छ । शुक्रबारका लागि निर्धारित स्ववियु निर्वाचन अदालतको अन्तरिम आदेशका कारण स्थगित भएको हो । विद्यार्थीहरुले आफुले मतदान गर्न पाउनुपर्ने माग राख्दै दायर गरेको रिटमाथि सुनुवाइ गर्दै उच्च अदालत सुर्खेतले निर्वाचन रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । अदालतको आदेशपछि निर्वाचन स्थगित भएको निर्वाचन अधिकृत त्रिभुवन बिसीले जानकारी दिए । विश्वविद्यालयको स्कुल अफ साइन्स एन्ड टेक्नोलोजीमा बीएस्सी बायोलोजी विषयका पाँचौं सेमेस्टरका विद्यार्थी रञ्जित विकसमेतले आफूहरूको नाम मतदाता नामावलीमा समावेश नभएको भन्दै रिट दायर गरेका थिए । उक्त रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश मदन पोखरेलको एकल इजलासले अन्तरिम आदेश जारी गरेको हो । दुवै पक्षलाई असोज ६ गते छलफलका लागि बोलाएको छ । त्यतिबेलासम्म सुविधा सन्तुलनका दृष्टिले चुनाव स्थगित गर्नु उपयुक्त हुने भन्दै अल्पकालीन अन्तरिम आदेश जारी गरिएको हो । गत साउन ३१ गतेदेखि निर्वाचन प्रक्रिया सुरु भएर भदौ २८ गतेका लागि निर्वाचनको मिति तय भएको थियो ।

# नेपालगञ्जमा हुँदै आएको ऐतिहासक रामलीलाको तयारी

• नमस्ते समचारदाता
नेपालगञ्ज, भदौ/२७

बाँकेको नेपालगञ्जमा ऐतिहासिक रामलीला महोत्सवको संरक्षण गर्दै एक सय ५७औँ संस्करणको तयारी शुरु भएको छ। प्रत्येक वर्ष दसैंका अवसरमा नेपालगञ्जको रामलीला मैदानमा रामलीला महोत्सव मञ्चन हुँदै आएको छ। यो वर्ष रामलीलाको एक सय ५७औँ संस्करणका लागि आवश्यक तयारी शुरु गरिएको रामलीला सञ्चालक समितिका अध्यक्ष सन्तोषकुमार कनोडियाले जानकारी दिए। विगतका वर्षमा जस्तै यस वर्ष पनि रामलीला महोत्सव सञ्चालन गर्ने तयारी भइरहेको बताउँदै अध्यक्ष कनोडियाले यसवर्ष भारतको बृन्दावनबाट कलाकार ल्याउने गरी तयारी गरिएको जानकारी दिए। "रामलीला मञ्चन गर्न बर्सेनि लाखौँ खर्च गरेर भारतबाट कलाकार ल्याउँछौँ । नेपालमा कलाकार उत्पादन गर्ने प्रयास गरे पनि सफल हुन नसकेपछि भारतबाट ल्याउने गरेका हौँ", उनले भने । आगामी वर्षका लागि स्थानीयस्तरमा कलाकार उत्पादन गर्न तालिम सञ्चालन गर्ने योजना बनाइएको अध्यक्ष कनोडियाले उल्लेख गरे । उनका अनुसार एउटा आयोजनामा कम्तीमा रु १५ लाख खर्च हुने गर्दछ । समुदायको अग्रसरतामा यहाँसम्म आइपुगेको यो ऐतिहासिक विरासतलाई निरन्तरता दिन र जीवन्त राख्न स्थानीय कलाकार उत्पादनलाई विशेष प्राथमिकतामा राखेर अगाडि बढ्ने बताउँदै कनोडियाले यसमा स्थानीय सरकारको सहयोग आवश्यक पर्ने उल्लेख गरे। एक सय ५२ वर्षदेखि निरन्तर प्रत्येक वर्ष हुँदै आएको रामलीला महोत्सवको एकसय ५३ र एकसय ५४औं वर्ष प्रवेशको कार्यक्रम कोरोना महामारीका कारण स्थगित गरिएको थियो । सत्यमाथि विजयको प्रतिकका रुपमा मनाइने दसैंको पहिलो दिन घटस्थापनादेखि विजयादशमीको दिनसम्म राति ८ बजेदेखि १२ बजेसम्म रामलीला मञ्चन हुन्छ। चासो र उत्साहका साथ रामलीला महोत्सवमा सयौँको सङ्ख्यामा स्थानीयका साथै भारतका दर्शक पनि मध्यरातसम्म सहभागी हुने अध्यक्ष कनोडियाले जानकारी दिए। उनका अनुसार धनुष यज्ञ, रावणवध, भरतमिलाप र रामको शुभ राज्याभिषेक भएर रामलीला महोत्सव समापन हुने गर्दछ। नेपालगञ्जको परम्परालाई जोगाइ राख्न सहयोग सङ्कलन गरेर महोत्सव गर्दै आइएको स्थानीय अगुवा द्वारिकाप्रसाद वैश्यले बताए। उनका अनुसार विसं १९२५ देखि नेपालगञ्जको रामलीला मैदान र टण्डन राइस मिलमा मञ्चन हुँदै आएको यो कला नेपालीका साथै सीमावर्ती भारतीयबीच लोकप्रिय छ। भारतको उत्तरप्रदेशबाट हजारौँ श्रद्धालु रामलीला दर्शनका लागि आउने गरेका उनले जानकारी दिए।



# प्रतिष्ठानलाई उच्च अदालतको आदेश

• नमस्ते समचारदाता
जुम्ला, भदौ/२७

उच्च अदालत सुर्खेत, जुम्ला ईजलासले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाका ५८ जना शिक्षक कर्मचारीको पक्षमा आदेश जारी गरेको बताइएको छ। ११ वर्षदेखि स्तरोन्नति नभएको र नियमावली बमोजिम तलब भत्ता नपाएको भन्दै प्रतिष्ठानका ५८ जना शिक्षक कर्मचारीले रिट दायर गरेका थिए। उक्त रिटमाथि बुधबार उच्च अदालत सुर्खेत जुम्ला ईजलासका न्यायधीशद्वय गोर्कण डाँगी र कैलाश गुरुङको संयुक्त ईजलासले प्रतिष्ठानका ५८ जना शिक्षक कर्मचारीलाई नियम अनुसार बढुवा गराउनु भनि पक्षमा आदेश जारी गरेको हो । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा विगत लामो समयदेखि कार्यरत स्थायी ५८ जना शिक्षक तथा कर्मचारीहरुले विगत ११ वर्षदेखि स्तरोन्नति नभएको र नियमावली बमोजिमको तलव, भत्ता नपाएको भन्दै ०८० पुष ११ गते उच्च अदालत सुर्खेत जुम्ला इजलासमा परमादेशको माग गर्दै रिट दायर गरेका थिए । सोही रिटमाथि सुनुवाई गर्दै नियमावलीनुसार तलब भत्ता दिन तथा स्तरोन्नति गर्न अदालतले आन्दोलित ५८ जना कर्मचारी शिक्षकको पक्षमा आदेश जारी गरेको प्रतिष्ठानका लेखा सहायक खगेन्द्र प्रसाद उपाध्यायले बताए। सम्मानित अदालतको आदेश र ऐन नियमावलीको व्यवस्थालाई मध्यनजर गर्दै स्तरोन्नतिदेखि तलबभत्ता बृद्धि हुनुपर्ने लेखा सहायक उपाध्यायको जोड छ। उनका अनुसार प्रतिष्ठानका पदाधिकारीहरुसँग विभिन्न समयमा बढुवा तथा तलबको सन्दर्भमा आन्दोलित भई २०८० भाद्र २१ गते मागहरु सम्बोधन तथा कार्यान्वयन गर्ने विषयमा पदाधिकारी र आन्दोलनरत कर्मचारीहरुबीच दुई पक्षीय सम्झौतासमेत भएको थियो। तर उक्त सम्झौता कार्यान्वयनमा समेत लामो समय बितिसक्दापनि




पदाधिकारीले आलटाल गरी कर्मचारीहरु माथि अन्याय गरेकाले न्यायलय धाउन बाध्य भएको प्रतिष्ठानका वरिष्ठ लेखा अधिकृत एंव शैक्षिक प्रशासन प्रमुख इन्द्र डाँगीले बताए । नियमावलीमा नेपाल सरकारले समय समयमा निर्धारण गरे बमोजिमका तलब भत्ता पाउने व्यवस्था भएपनि प्रतिष्ठानका पदाधिकारीले विभिन्न बाहनामा आन्दोलित कर्मचारी तलब भत्ता वृद्धिमा आनाकानी गर्दै उनको भनाइ छ। प्रतिष्ठानका पदाधिकारीले सम्मानित अदालतको आदेश कार्यान्वयन गर्नु पर्ने उनको जोड छ । यस अघि पनि स्तरोन्नतिको माग गर्दै प्रतिष्ठानका रामाकान्त उपाध्याय समेतका १० जना कर्मचारीहरुले सोहि अदालतको मिति २०७९ जेठ ३० गते को आदेश बमोजिम बढुवा भई हाल कार्यरत रहेको नजिरपनि छ। तर ५८ जना कर्मचारीलाई भने प्रतिष्ठानका पदाधिकारीले उपेक्षा गरेको उनिहरुको गुनासो छ। प्रतिष्ठानको नियमावली बमोजिम नियमित रुपमा हुनुपर्ने बढुवा प्रक्रिया रोकिँदा र नियमावलीले तोके बमोजिमको तलब खान नपाउँदा निराशामा रहेका कर्मचारीहरु अदातलबाट न्याय पाएकोमा हर्षित भएको उपाध्यायले जानकारी दिए।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके